# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## नेपालगञ्ज, बाँके
## ५ नं. प्रदेश, नेपाल
## प्रस्ताव आहवान सम्बन्धि सूचना
**(प्रथम पटक प्रकाशित मितिः २०७५।१२।२०)**

नेपालगञ्ज उप-महानगरपालिका र युनिसेफ नेपालको सहयोग एवं सहकार्यमा यस उप-महानगर क्षेत्रमा बालश्रम न्यूनिकरण तथा बाल संरक्षण सम्बन्धी कार्यक्रमहरु र बालबालिका लक्षित कार्यक्रम अन्तर्गत बाल संरक्षण अधिकार सँग सम्बन्धित कार्यक्रमक अन्तर्गत साझेदारीमा बाल संरक्षण कार्यक्रम स्थानीय गैर सरकारी संस्था मार्फत् संचालन गर्नुपर्ने भएकोले तोकिएको शर्तका अधिनमा रही काम गर्न ईच्छुक संस्थाहरुद्धारा देहायमा उल्लेख भए बमोजिम आवश्यक कागजात संलग्न राखि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्राविधिक र आर्थिक प्रस्ताव अलग-अलग खाममा शिलबन्दी गरि पेश गर्नहुन यसै सूचनाद्धारा सूचित गरिन्छ ।

(१) सरकारी निकाय तथा यस उप-महानगरपालिकामा व्यवसाय, सेवा दर्ता तथा नविकरण भएको, (२) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको, (३) क्षेत्रगत कार्यको अनुभव भएको, (४) आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको, (५) आ.व.२०७४।०७५ सम्मको लेखा परिक्षण सम्पन्न गरेको, (६) आ.व.२०७४।०७५ को कर चुक्ता गरेको, (७) उप-महानगरपालिकामा बुझाउनु पर्ने सवै प्रकारका कर चुक्ता गरेको, (८) आफ्नै कार्यालय भएको वा घर भाडामा लिई कार्यालय संचालन गरेको, (९) विगतमा स्थानीय तह संगको सहकार्यमा काम गरेको अनुभव, (१०) उप-महानगरपालिकाको नगर सभामा संस्थाको वार्षिक कार्यक्रम पेश गरेको, (११) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको, (१२) प्रस्ताव पेश गर्नुपूर्व सो सम्बन्धि कार्यक्षेत्रगत शर्त ToR र कार्यक्रमको Check list अनिवार्य रुपमा लिई सो बमोजिम प्रस्ताव तयार गरेको हुनुपर्नेछ, (१३ ) प्रस्ताव दाताले प्रस्ताव पेश गर्दा ३ (तीन) वटा क्लष्टरमा प्रस्ताव पेश गर्न सक्नेछन तर प्रत्येक क्लष्टरको क्लष्टर नं. खुलाई अलग-अलग पेश गर्नुपर्नेछ, एउटा संस्थालाई ३ वटा मध्ये बढिमा एउटा क्लष्टरमा मात्र छनौट गरिनेछ, (१४) प्रस्तावदाताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ, (१५) सवै आवेदकहरुलाई छनौट प्रकृयाको नतिजा सार्वजनिक सूचना मार्फत जानकारी गराइनेछ, (१६) प्राप्त भएका सवै प्रस्तावहरु १६ औं दिनका दिन सरकारी कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाताकी रोहवरमा खोलिनेछ र प्रस्तावदाता उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन, (१७) छनौट सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

(१८) दस्तुरः प्रति क्लष्टर रु ५००।-(पांचसय मात्र), यस उ.म.न.पा.को राजस्व शाखामा नगद दस्तुर (फिर्ता नहुने गरि) बुझाएको रसिद पेश गर्नुपर्नेछ ।

(१९) प्रकाशित सूचना यस कार्यालयको सूचना पाटी तथा website: www.nepalgunjmun.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीका लागिः **नेपालगञ्ज उप-महानगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय,**
**फोन नं. ०८१-५२०१५१, ५२०३३८, ५२०२४०**

**नेपालगञ्ज उप-महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वी.पि.चौक, नेपालगञ्ज, ५ नं. प्रदेश, नेपाल**
**बालसंरक्षण तथा बालश्रम न्यूनिकरण कार्यक्रम कार्यान्वयनका लागि**
**कार्यक्षेत्रगत शर्त (TOR)**

नेपालगञ्ज उप-महानगरपालिका र युनिसेफ नेपालको सहयोग एवं सहकार्यमा यस उपमहानगर क्षेत्रमा बालश्रम न्यूनिकरण तथा बालसंरक्षण (Child Labour and Child Protection Programme) सम्बन्धी कार्यक्रम र नगर सभाबाट चालू आ.व.२०७५।०७६ मा स्वीकृत बालवालिका लक्षित कार्यक्रम मध्ये तोकिएका कार्यक्रमहरु सेवा प्रदायक संस्थाहरुको प्रारम्भिक आशय र प्रस्ताव मूल्याङ्कन विधिद्धारा सेवा प्रदायक संस्था छनौट गरी कार्यान्वयन गर्नुपर्ने भएकोले देहाय बमोजिम कार्यक्षेत्रगत शर्त (TOR) तोकिएको छ।

**प्रस्ताव पेश गर्न चाहने संस्थाहरुले देहायका विषय स्पष्ट गर्नुपर्नेछ।**

**१. कार्यक्रमको पृष्ठभूमी :** प्रस्ताव पेश गर्दा कुन क्लष्टर वा समूहको के कार्यक्रम हो स्पष्ट उल्लेख गर्नुपर्नेछ।

**२. कार्यक्रमको उद्देश्य :** (क) निकृष्ट प्रकारका बालश्रम न्यूनिकरणका साथै जोखीम परिस्थितिमा रहेका श्रमिक बालवालिका उद्धार तथा पुर्नस्थापना गरि उनीहरुका परिवारको लागि आय आर्जनमा सहयोग पुग्ने विकल्पको खोजी गरि सो अनुरुप कार्य गर्ने ।(ख) श्रमिक बालवालिका, तिनका परिवार, रोजगारदाता र समुदायस्तरमा सकारात्मक सन्देश तथा जनचेतना मार्फत् निकृष्ट प्रकारको बालश्रम निषेध र न्यूनिकरण गर्ने कार्य र उनीहरुप्रतिको व्यवहारमा सकारात्मक धारणाको विकास गर्ने।

(ग) बालसंरक्षणका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरुको संस्थागत क्षमता विकास गरि बालवालिकाको हितमा बनेका कानूनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

(घ) बालमैत्री स्थानीय शासनका लागि निर्धारित सूचकमा रहेर कार्यक्रम कार्यानिवयन गर्नुपर्नेछ।

(ङ) विस्तृत उद्धेश्य र सो अनुरुपको अपेक्षित प्रतिफलका वारेमा क्लष्टर बमोजिम विवरणमा उल्लेख गरिएको छ। सो विवरण अध्ययन गर्नुहोस्।

**३. कार्यक्षेत्र :** नेपालगञ्ज उपमहानगरपालिका।

**४.संस्थागत क्षमता तथा स्रोत साधन:** १. संस्थागत परिचय: बढिमा एक पेज मात्र २. विषयगत मूख्य-मूख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव ३. कार्यालय भवन तथा भौतिक सामाग्री ४. कार्यक्षेत्रप्रतिको सुनिश्चितता। ५. व्यवस्थापकिय क्षमता ६. संस्थागत अनुभव -बालवालिकाको क्षेत्रमा काम गरेको अवधी तथा सम्पादित कार्यको संक्षिप्त विवरण) ७. सम्बन्धित संस्थाद्धारा आ.व.२०७५।०७६ मा उ.म.न.पा. भित्र गर्ने वार्षिक कार्यक्रम पेश भएको भए उल्लेख गर्ने।

**५. वडा कार्यालय, स्वास्थ्य चौकी, वडास्तरीय बालमैत्री स्थानीय शासन समिति, वडा बालसंरक्षण समिति, बालक्लव सञ्जाल लगायत वडाभित्र रहेका सरोकारवालाहरु संगको समन्वय:** कार्यक्रम कार्यान्वयन गर्नुपूर्वको समन्वय, सञ्चालन गर्दा, कार्यान्वयन भै रहंदा र सम्पन्न पश्चात् समग्र कार्यक्रमको सार्वजनिक परीक्षण गर्ने अवधी सम्मको समन्वयका वारेमा उल्लेख गर्नुपर्नेछ।

**६.कार्यक्रम संचालन गर्ने विधि र प्रक्रिया उल्लेख गर्नुपर्नेछ।**

**७.संस्थाको साझेदारी :** कार्यक्रम सम्पन्न पश्चात लाभान्वित लक्षित समूहका व्यक्तिहरुको नियमित रेखदेख गरि उनीहरुको जीवनमा सकारात्मक परिवर्तन आउने गरि गर्न सकिने संस्थाको स्पष्टता उल्लेख गर्नुपर्नेछ।

**८.कार्य योजना:** कार्यक्रम कार्यान्वयनका लागि विस्तृत कार्ययोजना।

**९.अनुगमन तथा मूल्याङ्कन विधी:** कार्यक्रमको शुभारम्भ देखि कार्यसम्पन्न सम्मको अनुगमन तथा मूल्याङ्कनको विधीको कार्य योजना उल्लेख गर्ने।

**१०.सार्वजनिक परीक्षण:** स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधी, २०६७ अध्ययन गरि सो बमोजिम आफुले गर्ने सार्वजनिक परीक्षणको तरिका उल्लेख गर्ने।